कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्षः २४ | अंकः ३२ | वि.सं. २०८१ जेठ २ बुधवार | नेपाल संवत: ११४४, वैशाख शुक्ल अष्टमी | Wednesday 15 May. 2024 | yugaawhan@gmail.com | पृष्ठः ४ | मूल्यः ५।-

## योजना छनौंट संस्थागत प्रणालीबाट हुन्छन् : मुख्यमन्त्री कँडेल

**युग संवाददाता**

**सुर्खेत, १ जेठ ।**

कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले आगामी नीति, कार्यक्रम तथा बजेटमा संस्थागत रुपमा योजना छनौंट गरी निर्माण हुने बताएका छन् । विगतका सरकारले ल्याउने नीति, कार्यक्रम तथा बजेटमा समेटिने साना आकारका योजनाले विकास बजेटमा प्रभाव परेको उल्लेख गर्दै आगामी बजेटमा बिचौलियामार्फत झ्यालबाट आउने नभई योजना छनौंटलाई संस्थागत बनाईने उनले बताए ।

आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति, कार्यक्रम तथा बजेट निर्माणको पूर्वसन्ध्यामा मंगलबार पत्रकारहरुसँगको छलफलमा मुख्यमन्त्री कँडेलले विगतका सरकारले अगाडि बढाएका तर हालसम्म पनि सम्पन्न हुन नसकेका आयोजना समयमै सक्ने गरी एकद्वारा प्रणालीमा आधारित बजेट निर्माणको क्रममा रहेको बताए ।

सरकारका नीति तथा कार्यक्रममा रहेका कमी, कमजोरी बारे आफूले प्रदेशसभामा उठान गर्ने विषय वस्तुकै आधारमा सरकार अगाडि बढेको बताएका छन् । क्षमता, अवस्था र स्रोत समृद्ध कर्णालीका मुख्य चुनौती रहेको उल्लेख गर्दै मुख्यमन्त्री कँडेलले कर्णालीलाई विकासको पथमा लैजान राजनीतिक नेतृत्व एक्लै दौडिएर सम्भव नहुने बताए ।

'हाम्रो क्षमता, अवस्था र स्रोतहरु नै हाम्रा अगाडि चुनौती बनेर उभिएको अवस्था हो,' कँडेलले भने, 'मसँग आम नागरिकले पृथक अपेक्षा राखेका छन्, यसमा म मात्रै दौडिएर हुँदैन, एउटा राजनीतिक नेतृत्व मात्रै

बाँकी ४ पेजमा

**आवश्यकता आवश्यकता आवश्यकता**

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा ख्यातीप्राप्त यस विद्यालयको लागि तपसिल बमोजिमको शिक्षक तुरुन्त आवश्यक परेको हुनाले योग्यता पुगेको इच्छुक उम्मेदवारबाट आवश्यक प्रमाणपत्रको प्रतिलिपी सहित दरखास्त आव्हान गरिन्छ ।

**विज्ञापन नं.** ०८१-०६

**पद** : शिक्षक **तह** : माध्यमिक

**विषय** : नेपाली आवश्यक संख्या : १ (एक)

**आवश्यक योग्यता** : स्नाकोत्तर वा सो सरह (नेपाली मुल विषय भएको )

**दरखास्त दिने अन्तिम मिति** : २०८१-०२-०४ शुक्रबार ३:०० बजेसम्म,

**सम्पर्क मिति** : २०८१-०२-०४ शुक्रबार ४:३० बजे।

**दरखास्त दस्तुर** : रु. ५००/-

**तलब** : आपसी समझदारीमा

**सम्पर्क**

पदपुर्ति उपसमिति

**चिल्ड्रेन्स प्याराडाइज माध्यामिक विद्यालय,**

**वातावरण मार्ग, खजुरा, वीरेन्द्रनगर-८, सुर्खेत ।**

**फोन नं.: ०८३-५२४०८०/९८५८०५२५२२/९८४८०२७६६५**

**email. hrcps23@gmail.com**

### संघीय सरकारको नीति तथा कार्यक्रम

# कर्णाली कोरिडोर बाह्रै महिना सञ्चालन

# जाजरकोट भूकम्प पुनर्निर्माण प्राथमिकता

**ओम शाही**

**सुर्खेत, १ जेठ ।**

संघीय सरकारले आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम संसदमा पेश गरेको छ। मंगलबार राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसदमा नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन्। पौडेलले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा कालिकोटको खुलालुदेखि हुम्लाको हिल्सा जोड्ने कर्णाली करिडोर बाह्रै महिना सञ्चालनमा ल्याउने भएको छ।

सरकारले कर्णालीको सडक पूर्वाधार विकासमा गेमचेन्जर मानिएको कर्णाली कोरिडोरको अधिकांश खण्डमा बाह्रै महिना यातायात सञ्चालन हुनेगरी निर्माण कार्यलाई तिव्रता दिने गरी आगामी बर्षको नीति तथा कार्यक्रम रहेको राष्ट्रपति पौडेलले बताए । चालु आर्थिक बर्षको नीति

बाँकी ३ पेजमा




## राष्ट्रपति महिला उद्दार पुनः संरचना हुने

राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रमलाई पुनःसंरचना गरी थप प्रभावकारी बनाइने भएको छ। दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीको हवाई उद्धार कार्यलाई प्रदेशसँगको समन्वयमा विस्तार गरिने सरकारको आगामी नीति तथा कार्यक्रममा उल्लेख छ।

मानव विकास सूचकाङ्कमा पछाडि परेका कर्णालीका जिल्लामा वडा केन्द्रित विशेष महिला तथा सामाजिक विकास कार्यक्रम सञ्चालन गरिने सरकारले जनाएको छ। सरकारले यस आगामी आर्थिक वर्षबाट महिलालाई आर्थिक रूपमा

बाँकी ३ पेजमा

## जाजरकोट भुकम्पको पुनर्निर्माण प्राथमिकतामा

सरकारले १७ कार्तिक २०८० मा जाजरकोटको रामिडाँडा केन्द्रविन्दु भएर गएको भूकम्पबाट प्रभावित बनेका जाजरकोट र रुकुम पश्चिममा पुनर्निर्माणको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने जनाएको छ।

दुई जिल्लामा भूकम्पबाट क्षति भएका निजी आवास तथा सार्वजनिक संरचनाको प्रवलिकरण, पुनर्निर्माण र पुनस्थापनाः कार्य शीघ्र सम्पन्न गर्ने गरी काम अगाडि बढाउने नीति तथा कार्यक्रममा भनेको छ। ६ दशमलव चार रेक्टर स्केलको उक्त भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिममा ठूलो मानवीय र भौतिक क्षति भएको थियो।

विपद्बाट प्रभावित संरचनाहरूको पुनर्निर्माण तथा पुनस्थापनाः कार्यलाई उच्च प्राथमिकता दिइनेछ। बाढी, हावाहुरी, चट्याङ लगायत जल तथा मौसमजन्य विपद् व्यवस्थापनको लागि पूर्वसूचना प्रणालीलाई भरपर्दो बनाइनेछ। पर्यटकीय पदमार्गमा मौसम पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विस्तार गरिनेछ।

## प्रदेश खाद्य तथा फलफुल प्रशोधन केन्द्र स्थापना गरिने

दुर्गम तथा पहाडी जिल्लामा खाद्यान्न तथा नुनको नियमित आपूर्ति सुनिश्चित गर्ने सरकारले जनाएको छ। गोरखामा एग्रो इण्डस्ट्रियल पार्क, सुदूरपश्चिम प्रदेशमा मेगा फुड पार्क तथा कर्णाली प्रदेशमा खाद्य तथा फलफूल प्रशोधन केन्द्रको स्थापना गर्ने गरी तयारी थाल्ने सरकारले जनाएको छ।

घरेलु मदिराको गुणस्तर सुनिश्चित गरी नियन्त्रित उत्पादन, ब्राण्डिङ तथा निर्यात गर्न विशेष कार्यक्रमसमेत सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। कर्णालीका रैथाने उत्पादनलाई आपूर्ति शृङ्खलामा आबद्ध गरी सहज बजार पहुँच सुनिश्चित गरिने राष्ट्रपति पौडेलले बताए।

समृद्धि कोरिडोरका रूपमा विकास गर्न विद्युत्, सञ्चार, पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानीलगायतका पूर्वाधार विकास गरी उत्पादन, उत्पादकत्व, उद्यमशीलता र रोजगारी सिर्जना गरिने सरकारी लक्ष्य रहेको छ।

## समृद्ध कर्णाली उद्यमशीलता र सिँचाइ विशेष कार्यक्रम

सरकारको आगमी नीति तथा कार्यक्रममा कर्णाली प्रदेशको प्राकृतिक स्रोतलाई स्थानीय जनताको समृद्धिमा उपयोग गर्न स्थानीय तह र निजी क्षेत्रको सहकार्यमा कृषि र वन पैदावारमा आधारित 'समृद्ध कर्णाली उद्यमशीलता कार्यक्रम' सञ्चालन गर्ने भएको छ।

त्यस्तै, हिमाली क्षेत्रमा भेडाबाखा, च्याङ्ग्रा, चौरी लगायतका पशुपालन एवम् स्याउ, ओखर जस्ता फलफूल र जडीबुटीका ठूला फार्म सञ्चालन गर्न 'हिमाल समृद्धि कार्यक्रम', प्रदेश सिँचाई विकासका लागि 'एकीकृत कर्णाली सिँचाइ विशेष कार्यक्रम' कार्यान्वयन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

## सबै पालिकामा विद्युतीकरण

राष्ट्रिय विद्युत् प्रणालीमा नजोडिएका र विद्युत् पहुँच नपुगेका क्षेत्रमा लघु तथा साना जलविद्युत्, सौर्य एवम् वायु ऊर्जा प्रविधिमार्फत विद्युतीकरण गरिने सरकारी नीति रहेको छ। आगामी आर्थिक बर्षभित्र कर्णाली र सुदूरपश्चिम प्रदेशका बाँकी क्षेत्रमा विद्युतीकरण गरिनेछ।

विद्युत् वितरण सबस्टेसनहरूलाई स्वचालित बनाइनेछ। स्थानीय तहसमेतको समन्वयमा स्मार्ट मिटर वितरण गरिने उल्लेख छ। त्यस्तै, फुकोट कर्णाली, जगदुल्ला जलविद्युत आयोजनाको वित्तीय व्यवस्थापनसहित कार्यान्वयन सुरु गरिने र कर्णाली-चिसापानी जलविद्युत् आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गरिनेछ सरकारले ल्याएको नीति कार्यक्रममा समावेश गरिएको छ।

## पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीलाई अभिमुखीकरण

**युग संवाददाता**

**सुर्खेत, १ जेठ ।**

पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरुलाई कर्णाली प्रदेश स्तरीय अभिमूखीकरण गरिएको छ। पशु स्वास्थ्य तथा पशु सेवा परिषद्को आयोजनामा मंगलबार अभिमुखीकरण गरिएको हो। परिषद्ले कर्णाली प्रदेशमा रहेका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीलाई ऐन नियम र आचार संहिता सम्बन्धी अभिमूखीकरण दिएको हो ।

उक्त कार्यक्रममा परिषद्का रजिस्ट्रार पूर्णबहादुर बुढाले परिषद्का काम कारवाहीका बारेमा जानकारी गराएका थिए। बुढाले पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन २०७९ को परिच्छेद २ को दफा (३) ले दिएको अधिकार बमोजिम सोही ऐनको दफा (५) को उपदफा (६) बमोजिम यस परिषद्को समिति गठन नेपाल सरकार (मन्त्री परिषद्) को मिति २०८० साल कार्तिक १६ गतेको निर्णय अनुसार समितिले आफ्ना गतिविधिहरु संचालन गरिरहेको बताए।

उनका अनुसार परिषद्मा नेपाल पशु चिकित्सा परिषद्मा दर्ता भएका र हुन योग्य जनशक्ति बाहेकका पशु विज्ञान, मत्स्य विज्ञान र दूध विज्ञान क्षेत्रका ग्रामीण पशु स्वास्थ्य कार्यकर्तादेखि उच्च तहका विषय विशेषज्ञसम्मका सम्पूर्ण प्राविधिक जनक्तिलाई दर्ता र नियमन गर्न परिषद् गठन भएको हो । त्यस्तै, संघीय ऐनको परिधिभित्र रहेर प्रदेश कानून बनेमा प्रदेश कानूनले तोकेको निकायले पनि उक्त जनशक्ति दर्ता गर्न सक्ने व्यवस्था रहेको रजिस्ट्रार पूर्णबहादुर बुढाले बताए। त्यस्तै, कार्यक्रममा बोल्दै कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री महेन्द्र केसीले पशु स्वास्थ्य क्षेत्रमा कर्णालीका युवाको सहभागिता देख्दा गौरव महसुस भएको बताए।

**डिपेन्डेन भिसा**

सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.:**

९७६९७७२९४४, ९७६९७७२९२३






## सम्पादकीय....

# मलामी नेतालाई पनि चाहिएला नि !

कालीकोटको राष्कोट नगरपालिकामा कसैको मृत्यु भयो भने मलामी जाने पुरुष छैनन् । हामी केही समय अगाडी यस्तो समाजमा जन्मिएर हुर्कियौं कि जहाँ महिला मलामी त के मलामी जाने मान्छेसम्म पनि हेनु र्हुदैन भन्ने सामाजिक धारणा थियो । तर अहिले समय र परिस्थिती दुवै फेरिएको छ अहिले भने हाम्रो समाजमा मलामी जाने पुरुष नभएर महिला मलामी गएर मृत शरीरको दाह संस्कार गर्नुपर्ने भएको छ। यो त एक स्थान विषेशको उदाहरण मात्र हो तर अहिले कर्णाली र पुरै नेपालमा समेत यो उदाहरण जस्तै घटनाहरु भैरहेका छन् । यो एउटा भयानक विषम परिस्थिती हो जसको मुल्य एक व्यक्ति, परिवार, समाज त प्रभावित हुने नै भए सबैभन्दा बढी प्रभावित सिङ्गो देश नै यो बाट निराकार हुनेछ ।

यसरी लेख्दा, भन्दा र सुन्दा समेत पिडाबोध हुन्छ । तर यो देशको बागडोर सम्हालेकाहरुलाई भने युवा बेच्न अनेकन हत्कण्ठा अपनाएका छन् । जसको परिणाम यिनीहरुलाई अहिले आँकलनसम्म छैन किनकि यिनको बुद्धि अलि लामो भएको भए त वडासम्मले कोरियन, जापानिज, आयल्स पढ्नलाई समेत अनुदान दिने थियनन् । गर्थे त बरु त्यो कति रकम छुट्याएका छन् त्यो रकम यही उद्यम गरिरहेका युवाहरुलाई थप उद्योग विस्तारमा सहयोग गर्थे । जसको दुरगामी रिजल्ट भनेको मलामी पनि पाउन छाड्यो गाउँमा भन्ने शिर्षकका समाचारले स्थान पाउने थिएनन । बरु नेपालका युवाहरुले गरेको प्रगति हेर्न देश, विदेशबाट पर्यटकहरु नेपाल आउँथे र दोहोरो विकास हुन्थ्यो यकातिर पर्यटन त, अर्कोतिर उद्यम विकासमा युवाहरुको लोभलाग्दो सहभागिता । अनि कसलाई जानुपर्छ कोरिया, खाडी न त दुवै मलेसिया । के देश अब बस्न लायक नै नभएकै हो त ? यदि हो भने हामीमाथी नेतागिरी गरेर यिनिहरु किन बसेका छन् त ? यिनीहरुपनि गय भैगो नि किन बस्ने यिनीहरु जो यो देशका बस्न लाएक नै छैनन् । अझ राईदाँई यिन्कै छ यहाँ अनि कहाँबाट पाईन्छ त मलामी त्यो पनि पुरुष ? यस्तै अवस्था भएमा महिला पनि केही समयपछि पाईदैनन मलामी यहि अवस्था रहेमा । के यिनलाई नचाहिएला र मलामी ?

देशको अवस्था हेर्दा त जसले युवा बेचेर त्यही रकम पनि भ्रष्टाचार गरेर खाएका छन् तिनलाई नचाहिएला र मलामी ? हुन त यस्तो बनाईसकेकी देशलाई सामाजिक रितिरिवाज, संस्कार, संस्कृती सबै लोप भैसकेको छ । अब यिनलाई किन चाहिन्छ र मलामी भन्ने पनि होला । तर मलामी त राख्नुपर्लानी जहाँ मर्छन त्यहीं कमिला लाग्न दिने चलन त नेपालमा अहिलेसम्म चलेको छैन । नेपालीले आफ्नो धर्म, संस्कार र संस्कृति जोगाएर बेबारिसे लासको समेत दाहसंस्कार गर्ने मानवता अँझैं छ नेपाली समाजमा । तर यि देशका युवा बेचुवाहरु हो तिमीहरुलाई पनि चाहिन्छ मलामी । हिन्दु धर्म संस्कार अनुसार मरेपछि जलाउनुपर्छ तिमीलाई पनि जहाँ पुरुष चाहिन्छ महिला चाहिन्छ, युवा चाहिन्छ, आफन्त चाहिन्छ धार्मिक परम्परा अनुसार कुरुवा चाहिन्छ भन्ने कुरा बिर्सियौ कि के हो ? यति लिप्त भए कि पापधर्मको पनि ख्याल नराख्ने नबनन् ।

## विश्व

# विषादीको बढ्दो प्रयोगप्रति 'एफएओ' चिन्तित



**गेबोरोन (बोत्स्वाना), १ जेठ**

बोत्सवानामा संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओ) ले कीरा, झार र रोगहरू व्यवस्थापन गर्न कीटनाशकहरूको व्यापक प्रयोगले इकोसिस्टम स्वास्थ्यका लागि आवश्यक प्रजातिहरूलाई हानि पुऱ्याउन सक्ने चिन्ता व्यक्त गरेको छ ।

सोमबार बोत्सवानाको राजधानी गाबोरोनमा अन्तर्राष्ट्रिय वनस्पति स्वास्थ्य दिवसको उपलक्ष्यमा एफएओका सहायक प्रतिनिधि लेसेडी मोडो-मोपेल्वाले कीरा, झार र अन्य कीराका कारणले हरेक वर्ष ४० प्रतिशतसम्म खाद्य बाली नष्ट हुने बताए ।

"यसले अर्थतन्त्रलाई मात्र असर गर्दैन, तर देशको खाद्य र पोषण सुरक्षालाई पनि गम्भीररूपमा असर गर्छ । विशेषगरी धेरैजसो कृषिमा निर्भर ग्रामीण समुदायका कमजोर समूहहरूका लागि असर गर्छ ", उनले बताए ।

मोडो-मेपोल्वाका अनुसार जलवायु परिवर्तन र मानव गतिविधिहरूले पनि बोटबिरुवाको स्वास्थ्यलाई हानि पुऱ्याइरहेको छ र कीरा र रोगहरूका लागि अनुकूल घर बनाइरहेको छ । यसले उनीहरूलाई पहिले नदेखिएका क्षेत्रहरूमा उत्पन्न गराइरहेको छ ।

उहाँले कीटनाशकको प्रयोगले रोगको फैलावट, जोखिममा पर्न सक्ने परागकण, प्राकृतिक कीट शत्रु र स्वस्थ पारिस्थितिकीय प्रणालीका लागि आवश्यक जीवहरूको प्रतिक्रियामा वृद्धि हुन सक्ने बताए ।

"त्यसैले फाइटोसेनेटरी उपायका लागि अन्तर्राष्ट्रिय मापदण्डहरू जस्ता विश्वव्यापी सहयोग र अन्तर्राष्ट्रिय मापदण्डहरू प्रवर्द्धन गरेर सिमाना पारी बिरुवाको स्वास्थ्यको रक्षा गर्नु महत्त्वपूर्ण छ", उनले भने ।

बोत्सवाना अन्तर्राष्ट्रिय बिरुवा संरक्षण महासन्धि (आइपिपिसी) सँग सम्बद्ध छ । यसले विश्वको बोटबिरुवा, कृषि उत्पादनहरू र प्राकृतिक स्रोतहरूलाई बिरुवाको कीटहरू विरुद्ध सुरक्षित गर्न खोज्छ ।

आइपिपिसीले अफ्रिका फाइटोसेनेटरी प्रोग्राम (एपिपि) सिर्जना गरेको छ । यो महादेशको पहिलो फाइटोसेनेटरी कार्यक्रम हो । यसले सबै ५४ अफ्रिकी देशलाई बिरुवाको कीटहरूबाट बच्न र नियन्त्रण गर्न मद्दत गर्ने लक्ष्य राखेको छ ।

एपिपी, एफएओ र अफ्रिकी सङ्घको सहयोगमा लागू गरिएको आइपिपिसी को पाँच वर्षको पहलको उद्देश्य अफ्रिकी राष्ट्रिय वनस्पति संरक्षण सङ्गठन (एनपिपिओ) लाई प्रभावकारीरूपमा निगरानी गर्ने, कुशलतापूर्वक र चाँडै पत्ता लगाउने र अन्ततः र बिरुवाको कीटहरूबाट पुनः प्राप्ति गर्न सशक्त बनाउने रहेको छ । एपिपीको पाइलट चरणमा ११ अफ्रिकी मुलुक सामेल छन् ।

संयुक्त राष्ट्रसङ्घले मे १२ लाई अन्तर्राष्ट्रिय वनस्पति स्वास्थ्य दिवसका रूपमा तोकेको छ । यो आइपिपिसी सचिवालय र एफएओद्वारा आयोजित दिवस हो । यस वर्षको स्मृति दिवस 'बिरुवा स्वास्थ्य, सुरक्षित व्यापार र डिजिटल प्रविधि' भन्ने नाराका साथ मनाइएको थियो ।

# कर्णालीमा एक देश दुइ वटा व्यवस्थाको खाँचो



गोरखबहादुर वि.सी.

> हिजोका शासकहरुले समाबेसी नगराएकोले यत्रो परिवर्तन भयो तर उही सामन्ति, दादागिरी ठालु भएर केन्द्रीकृत शैलीमा शासन लाद्ने नीति र आदेश मान्नु पर्ने आजको २१ औं शताब्दीका जनताले मान्न सक्दैनन् यहाँनेर समान सहभागिता एवम् शक्ति बाँडफाँडको कुरा गर्दा विखण्डनकारी भन्नेहरु हिजैदेखि खाईपाई आएका एलाड वर्गहरुलाई रिस र डाहा होला तर युग र समय परिवर्तन छ।

मानव विकास, शास्त्रीय ज्ञान, सभ्यता, संस्कृति एवम् प्रथम मानव शासन मनु, तथा सभ्यताको जननी कर्णालीको बारे जति लेख र वर्णन गरे पनि पुग्दैन् । यति मात्रै होइन हिम्मत् खण्डको केन्द्रविन्दु तथा विश्वपतिले शासन गरेको र मानिने कर्णाली प्रदेश राजनीतिक, आर्थिक, प्रशासनिक एवम् राज्यको हरेक क्षेत्रमा शुन्यता छ । देश संघात्मक राज्य व्यवस्थामा छ । संघीय ढाँचा अनुरुप शासन व्यवस्था भएको देखिदैन् । केवल प्रदेश सरकार, स्थानीय सरकारको नाम भए पनि सिधै केन्द्रीय निर्देशनमा चलेको छ । वास्तवमा कर्णालीलाई अरु तल खस्किने अवस्थाको सृजना भएको अधिकार केही पनि प्रदेश सरकारले पाएका छैनन् । देशमा यस्तो परिवर्तन भएपनि त्यो परिवर्तनले केन्द्रीय नेता र कर्मचारीहरुको लागी मात्रै भएको देखिन्छ ।

विशेषत सन् १४५० मा खस साम्राज्य विगठनपछि वास्तवमा कर्णालीको स्थिति खस्कँदै गएको इतिहास छ । अझ १८४६ मा कर्णालीको सिन्जा राज्य नेपाल एकिकरण पश्चात अझ झन स्थिति विग्रँदै गइरहेको यथार्थ छर्लङ्गै छ । त्यसैमा एकिकरणको नाममा अतिक्रमण र हस्तक्षेप नीतिका कारणले काठमाडौंले सँधै कर्णालीलाई उपनिवेश जस्तो ठान्ने र कर्णालीका जनसमुदायहरुलाई माथि उठ्न नदिने हरेक क्रियाकलापले कर्णाली आज विश्वकै भोका, नाङ्गा र मध्ययुगिन अवस्थाका गुज्रिरहेका छन् कर्णालीका जनसमुदायहरु ।

यसर्थ जातिय तथा क्षेत्रीय उत्पीडनको सवालमा भियना कन्फेरेन्शले त्यो देशको कुनै क्षेत्र वा समुदायहरु ६ गुणा तल छन् भने स्वत् त्यो देशले क्षेत्रलाई मेरो भन्ने अधिकार गुमाएको हुन्छ भनिएको छ । आज काठमाडौं र कर्णाली करिब १० गुणा अन्तराल छ त्यसैले पनि भियना सम्मेलनले पारित गरेको घोषणा पत्रको सिद्धान्तलाई लागू गर्ने हो भने राज्यले मेरो भन्ने अधिकार गुमाईसकेको छ ।

यसर्थ राज्यबाट सँधै थिचोमिचो एवम् उत्पीडन र पछ्यौंटेपन सहनै पर्छ भन्ने अबको २१ औं शताब्दीमा छैन । यसर्थ आज राज्य एवम् विभिन्न संघ संस्थाले मागिखाने भाडाको रुपमा विकसित भएको छ । यसैले राजनैतिक प्रशासनिक अधिकार र शक्तिको बाँडफाँड बिना त्यो क्षेत्रमा आर्थिक विकासका नाममा खरबौं लगानी गरे पनि त्यसको उपलब्धी देखिएन आज दातृ राष्ट्रको खरबौं सहयोग बालुवामा पानी हाले जस्तै भएको छ, त्यो कसले ल्याउँछ र कता हराउँछ कर्णालीका जनतालाई थाहा नै छैन । राज्यले पनि गतिलै बजेट सिंहदरबारको रेड बुंकमा छुट्याएको हुन्छ । तर, त्यो बजेट कर्णालीमा नपुग्दै फिज हुन्छ । यसैले आर्थिक लगानीले मात्रै उत्पीडित क्षेत्र र वर्ग अगाडि बढ्न सक्दैन भन्ने कुरा कर्णालीमा गएको खरबौं बजेटको विश्व बैंकले एउटा रिर्पोट नै तयार पारेको छ ।

कर्णालीमा खरबौं बजेट गएको भन्ने कुरा देखाएको छ त्यो कता हरायो र कसले खायो त्यसको समेत खोजी गर्ने समेत नेताहरु तर संघीयता भएर मात्रै पुग्छ त ? जसले जे गरे पनि आँखा चिम्लेर ताली हान्न वा जाने बुझ्नेकाहरुले पनि बुझेर आर्थिक लाभका निम्ति चुप लागेर बस्नु पर्ने अवस्था भएको छ । त्यसैले राजनैतिक र प्रशासनिक रुपमा समान सहभागिता नहुन्जेल कर्णालीको प्रगति हुनै सक्दैन । यसर्थ नेपालको केन्द्रीकृत शासन शैली र शहरी विकास बजेटले उत्पीडित क्षेत्र र ग्रामिण बस्तीहरुलाई सँधै ठग्ने र केन्द्रीकृत शहरी विकास एवम् राजनीतिक हैकम जमाउने सामन्ती प्रवृत्ति र मुलुकमा भई रहेका अनेकौं विभेद्का विरुद्धमा कयौं पटक विद्रोह र आन्दोलन भए । अझै भने विद्रोह देखिन्छ ।

शहरी क्षेत्रमा पिजमा पिज थप्नु पर्ने कर्णालीमा सडक नै नबन्ने र बनाउनै नचाहने कस्तो यो संघीयता र परिवर्तन हो । यसर्थः यो देश एकात्मक राज्य व्यवस्थाको विरुद्धमा संघीय राज्य बनाउने र जनताको संविधान बनाउने एवम् केन्द्रीकृत राजनीतिक व्यवस्थालाई संघात्मक एवम् शक्ति बाँडफाँडका सवालमा क्रान्ति भई हाल यो अवस्थामा आएको कुरा सबैलाई थाहा नै छ ।

विडम्वना यत्रो आन्दोलन भयो, कयौ ज्यान गए, हजारौं अंगभंज भए खासै उपलब्धी देखिएन । किन भने उनीहरुको सोच र दिमाग अहिले पनि एकारात्मक र केन्द्रीकृत छ । तर, यो देशका विभेद्मा पारिएका र शक्ति बाँडफाँडको सवालमा विमुख पारिएका उत्पीडित क्षेत्र र वर्गलाई समान सहभागिताले मात्रै होइन विषेश राजनैतिक एवम् आर्थिक स्वायत्तता चाहिने अवस्था देखिन्छ । अनी मात्रै कर्णालीको स्थिती माथि उठ्न सक्दछ ।

उही पूरानो केन्द्रीकृत सामन्ती व्यवस्थाको उपज हो भन्ने अवस्था आउँछ र त्यसले नयाँ विद्रोहको शुरुवात गर्दछ । घरको जग बलियो भएन भने घर भत्कन्छ । अब घरको जग भनेकै यस देशका विभिन्न क्षेत्र, जाति, र वर्गका समुदायहरु हुन् उनीहरुलाई राज्यको हरेक क्षेत्रमा समानुपातिक शक्ति बाँडफाँडमा सहभागिता गराउनु नै आजको सबैभन्दा महत्वपूर्ण विषय हो ।

हिजोका शासकहरुले समाबेसी नगराएकोले यत्रो परिवर्तन भयो तर उही सामन्ति, दादागिरी ठालु भएर केन्द्रीकृत शैलीमा शासन लाद्ने नीति र आदेश मान्नु पर्ने आजको २१ औं शताब्दीका जनताले मान्न सक्दैनन् यहाँनेर समान सहभागिता एवम् शक्ति बाँडफाँडको कुरा गर्दा विखण्डनकारी भन्नेहरु हिजैदेखि खाईपाई आएका एलाड वर्गहरुलाई रिस र डाहा होला तर युग र समय परिवर्तन छ । त्यसैले यो देशलाई समृद्धि बनाउन खोज्ने र समान भागदारका लागि सम्मान जनक अधिकार दिंदा कसैले मेरो भाग खोसिन्छ कि भन्ने एकात्मक चिन्तन त्याग्नु पर्दछ ।

जसमा हाल नेपालको उन्नति र प्रगति हुन नसक्नु भनेकै सामन्ति ठालु गिरी एवम् नेपाललाई आफ्नो बाबुको बीर्ता भन्ने सोच्ने प्रवृतिले गर्दा संसारकै गरिव र दरिद्र बनाउने पुर्व शासकहरु जस्तै आन्दोलन र परिवर्तनबाट आएका शासकहरुले अब यो देशमा बस्ने तमाम् वर्ग, क्षेत्र र लिङ्गको समान प्रतिनिधित्व गराइएन भने उहाँहरु स्वयमूलाई त्यो कुर्शीमा बस्ने अधिकार छैन । विकासको नाम कर्णाली राजमार्गको स्थिति हेर्दा र देख्दा मान्छे मार्ने पासो जत्रो बनाएको छ । ठुलावडा भन्ने सहरमा बस्नेहरुका लागि पिजमा पिज हानिन्छ र बनाइन्छ । सिंगो विश्व सभ्यता र पुरातत्वसँग जोडिएको कर्णाली राजमार्ग र त्योसँग जोडिएका सडकहरुको अवस्था उदेग लाग्दो कहानी बनेको छ ।

संसारकै राजनीतिक, प्रशासनिक धर्मनीति कर्मनीतिका कुशल विश्वपति सान्नीकुट, संसारकै कानून व्यवस्थाका जग मनुले शासन गरेको क्षेत्र एवं शक्तिशाली एवम् कुशल शासक खस साम्राज्यको केन्द्रीय भूमि, विश्वको सबैभन्दा जेठो सभ्यता र संस्कृति बोकेको कर्णाली प्रदेशलाई हेपिनु र तल खसाल्नु दुर्भाग्य हो । पछि दुई तीन सय वर्ष नेपाल प्रवेश गरेका भरौटे शासकको मात्रै यो विश्वपतिको मुल भूमि खस साम्राज्यको राजधानी हिमवत खण्डको केन्द्रविन्दु कर्णालीलाई अगाडी बढाउने होइन भने ठूलो विकराल स्थिति आउन सक्छ । मानिसहरु जब सक्षम हुन्छ उसले आफ्नो इतिहास र पहिचानको खोजी गर्छ । कसैले पनि त्यो इतिहास र पहिचानलाई नष्ट गरेर गरिने वाला होइन ।

कर्णालीमा एक देश दुइवटा व्यवस्थाको खाँचो छ । अनि मात्र कर्णालीको मुल फेर्न सक्ने अवस्था छ । विडम्बना अहिले नेपालमा नाम कहलिएका इतिहास तथा संस्कृतविदहरुले हावाको भरमा विश्वपति तथा हिमवत खण्डको केन्द्रविन्दुको वास्तविक उत्थानलाई लुकाउन खोजे पनि यथार्थ धरातलमा अध्ययन गर्न जाने हो भने प्रसस्तै प्रमाणहरु पाउन सकिन्छ । यहाँनेर विश्वको संविधान मनोस्मृती राजा मनुले कालिकोटको माल्मुमा शासन गरेको इतिहास काही कतै लुक्दैन ।

त्यस्तै विश्वपतिहरुको राजधानी कालिकोटो तिखासुली दरबारको भगनावेशहरुलाई अध्ययन गर्दा प्रमाणहरु भेटिन्छ । यसर्थ खस राज्य विघटनपछि भरौटे छुटेराजाहरुको उदयलाई मात्रै लिएर विशाल खस साम्राज्यलाई सानो बनाउनु हुँदैन । यसर्थ जुम्ली राजाको सानो इतिहास र पृथ्वीनारायण शाहले गरेको एकीकरण मात्रै हालको नेपाल होइन । कर्णाली भेनको विश्वको माउ भूमि हो र संसारका मान्छेलाई शिक्षा दिक्षा र भिक्षा दिने केन्दभूमि हो । जहाँ समस्या नै समस्याले भरिएको हुन्छ, त्यहाँ विद्रोह अवश्य हुन्छ ।

*(लेखक कर्णाली स्वायत्त परिषद्का केन्द्रीय अध्यक्ष हुन्)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — आज जे काम गर्नुहुन्छ होसियारी पूर्वक गर्नुहोला । आर्थिक लेनदेनमा सचेत रहनु पर्नेछ, तर साँझमा भने कहीं कतैबाट शुभ समाचार मिल्नेछ ।

**वृष** — आज श्रमदान गर्ने अवसर मिल्नेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ । प्रेममा सफलता प्राप्त हुनेछ । शुभकार्यको चर्चा पनि चल्नेछ ।

**मिथुन** — अरूलाई प्रभावित पारेर काम बन्नेछ । चलाखीपूर्ण बोलीले सङ्कल्प सिद्ध हुनेछ । आयआर्जनका क्षेत्रमा सुधार आउनेछ । पुनर्मिलनको योग रहेको छ ।

**कर्कट** — न्यायिक कार्यमा सफलता मिल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । आफन्तको प्रगतिमा मन रमाउनेछ । वस्त्र एवं अलंकार प्राप्ति हुनेछ ।

**सिंह** — मनमा दुबिधा उत्पन्न हुनेछ । आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला, तर अरूको मुख नहेरी सही निर्णय लिन सके अवसरहरू प्राप्त होला ।

**कन्या** — रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । प्रेमीको सहयोग प्राप्त हुनेछ । परिवारमा सुख सन्तोष छाउनेछ । नयाँ र शुभकार्यको चर्चा पनि चल्नेछ ।

**तुला** — घरमा अतिथिको आगमन हुनेछ । बोलीको भरमा कार्य सम्पादन हुनेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ ।

**वृश्चिक** — आज शुभ समाचार सुन्न पाइएला । कला र गलाको प्रभाव बढ्नेछ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**धनु** — आज स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ । सौन्दर्यतामा धन खर्च हुनेछ, तर रातो रङ्गको पहिरनले चुनौतीबाट मुक्त हुन सहयोग पुऱ्याउनेछ ।

**मकर** — आज आकस्मिक धनलाभ हुनेछ । महिला वर्गबाट सहयोग मिल्नेछ । कूटनीतिक नियोगको सहयोग मिल्ला । पारिवारिक सद्भाव पनि बढ्नेछ ।

**कुम्भ** — आज रमणीय र सुखद् यात्राको योग छ । मनमा हर्ष, उमङ्ग र उत्साह रहला । अग्रजहरूको सुझाव अनुसार अवसर पहिल्याउन सकिनेछ ।

**मीन** — धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । कला र गलाको प्रभाव बढ्नेछ । विशिष्ट व्यक्तिबाट हौसला प्राप्त हुनेछ । रोमाञ्चक यात्रा पनि होला ।

युगआह्वान राष्ट्रिय दैनिक

उद्यमशिलता

# रतन सुनारको सफल उद्योगी बन्ने सपना



कल्पना ढेङ्गा मगर
kalpudmagar@gmail.com



वैशाख २०–२३ गतेसम्म वीरेन्द्रनगरमा औद्योगिक प्रदर्शनी तथा प्रतियोगिता भयो। जस प्रतियोगितामा धेरै उद्यमीले आफुले बनाएका सामान प्रदर्शनीमा ल्याएका थिए। उक्त कार्यक्रमको आयोजना उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले गरेको थियो।

उक्त कार्यक्रम खार्पुनाथ गाउँपालिका–३, हुम्लाका रतन सुनारसँग भेट भयो। उनले हेण्डी ग्राफ उद्योग सञ्चालन गर्दै आएका छन्। उनले बनाएको सामाग्रीको थोरै कुराकानी भयो। छोटो कुराकानीसँगै छुट्यौं। उनीसँग वैशाख ३१ गते फेरी भेट भयो। उनीसँग ३१ गते भने लामो कुराकानी भयो। रतन सुनारले रोहित हेण्डी ग्राफ उद्योग सुर्खेतको वीरेन्द्रनगर नगरपालिका–१२ मा सञ्चालन गर्न थालेको १ वर्ष पुरा भयो।

स्थायी घर खार्पुनाथ गाउँपालिका–३, हुम्लामा हो। उनले हुम्लामा विगत केहि वर्षदेखि नै व्यापार गर्दै आएका रहेछन्। उनले हुम्लामा काठबाट उत्पादित विभिन्न सामानहरु खरिद गर्दै बिक्रि गर्ने गरेका थिए। उनले भने, 'हुम्लामा प्राय जसो सबै मानिस यहि काम नै गर्ने गर्छन्। म पनि यो काम ६ वर्ष सम्म गरेको हुँ।' गाउँमा खरिद बिक्रि गर्ने काम गर्दा गर्दै केहि साथीहरुले उद्योग नै खोल्न उनलाई सल्लाह दिएका थिए।

साथीहरुकै सल्लाह अनुसार हेण्डी ग्राफ उद्योग सञ्चालन गरेको उनले बताए। यो सञ्चालन गर्नु भन्दा पहिले हुम्लामा नै उनले जटिबुटिको पनि व्यापार गर्ने गरेको उनले जानकारी दिए। साथै उनले यार्साको समयमा यार्सा टिप्न जाने, खरिद बिक्रि गर्ने गरेको समेत बताए। उनले आफुले खरिद गरी चीनको तिब्बतमा पठाउँने गरेको बताए। हेण्डी ग्राफ बनाउँने काम सिकेर हाल वीरेन्द्रनगर नगरपालिका–१२ मा आफै रोहित हेण्डी ग्राफ उद्योग खोलेर विभिन्न प्रकारका भाँडाकुडाहरु टाउली, थाल, चैटो, लोटा, टिपिन लगायतका सामाग्री तयार हुने गरेको छ। जुन सामाग्री नेपालीभन्दा बढी चिनले प्रयोग गर्ने बताए।

सुनारको उद्योगमा सिसम, काउलो, पाइङ्गा, तिलाईलो, रिङ्गा लगायतका काठले सामाग्री बन्ने गरेको छ। सामाग्री बन्ने काठ जाजारकोट, मुगु, बाजुरा, हुम्ला, कालीकोट, जुम्ला, दैलेख, अछाम जिल्लातिरबाट आउने सुनारले बताए। उत्पादित सामान भने काठमाडौंमा केहि र बाँकि सबै चीनमा खपत हुने गरेको छ। ती सामाग्री नेपालमाभन्दा चाइनामा बढी निर्यात हुने व्यवसायी रतन सुनारले बताए।

**नेपालीले काठको भाडा नै चिन्ने गरेका छैनन्**

विदेशिले काठको भाँडा चिन्ने गरेको तर नेपालीले काठको भाडा नै नचिनेको व्यवसायी रतन सुनारले बताए। उनले भने, 'विदेशिले काठको भाँडालाई महत्व दिन्छ तर नेपालले दिँदैन, त्यसैले पनि नेपालमा काठका भाँडा बिक्रि नै हुदैन्।'

रतनले उत्पादन गरेको काठका सबै भाँडा चाइना जाने गरेको बताए। सुर्खेतमा उनले कर्णाली प्रदेशको सेन्टर नै रोजेर सुर्खेत वीरेन्द्रनगरमा हेण्डी ग्राफ उद्योग सञ्चालन गरेको बताए। जहाँ प्रायः जिल्लाका काठहरु सुर्खेतमा माग गर्न सहज हुने भएकाले पनि सुर्खेत रोजेको बताए।

हालसम्म उत्पादन गरेको सामान चाइना पठाउँन अनुप भएको बताए। बर्षमा काठको अभावले पनि ६/७ महिना मात्र काम हुने गरेको उनको भनाई छ। उद्योग नियमित संचालनको लागि काठ र बत्तिको मुख्य समस्या रहेको उनले जानकारी दिए।

अरु व्यवसाय भन्दा काठको व्यवसाय अलि सजिलो हुने र यसमा सरकारले पनि लगानी गरी केहि सहुलितमा मेसिनहरु उपलब्ध गराए उद्यमीहरुलाई सहज हुने उनको भनाई थियो। मेसिन भारतमा लिनुपर्ने र मेसिन बिग्रेमा भारतमा नै लग्नुपर्ने भएकाले पनि उद्योग सञ्चालनमा समस्या हुने गरेको व्यवसायी रतन सुनारको गुनासो छ।

## ६ लाख लगानीबाट शुरु

रतन सुनारको उद्योगमा अहिले ४ वटा ठिया मेसिनमा ४ जनाले रोजगारी पाएका छन्। श्रमिकहरुले मासिक २० देखि २५ हजारसम्म कमाउने सुनारको भनाइ छ। रोहित हेण्डी ग्राफमा बार्षिक ३/४ लाख रुपैयाँ सामाग्रीहरुको कारोबार हुने गरेको छ।

हुम्लामा जटिबुटी गर्दै आएका व्यवसायी रतन सुनारले ६ लाख लगानीमा उत्पादन सुरु गरेका हुन्। नेपालमा बेरोजगारीको समस्या छँदैछ। सुनारको औद्योगिक यात्राको छोटे अनुभवमा कामदारको उत्तिकै अभाव छ। युवाहरु वेरोजार छन् तर उद्योगहरुमा कामदारको अभाव छ। हेण्डी ग्राफका लागि कामदार भारतबाट नै लिनुपरेको सुनारले जानकारी दिए। उद्योग सञ्चालन गर्दै गर्दा छोटो समयमा आफ्नो अनुभव सुनाउँदै काठ पाएमा राम्रै आम्दानी हुने उनको भनाई रहेको थियो। आफुले उत्पादन गर्ने गरेको सामानको मुल्य एक सयदेखि ३ हजार रुपैयाँसम्म पर्ने गरेको उनले जानकारी दिए। सामान उत्पादनका लागि काठको पिसको दरमा एक सय देखि ३ हजार रुपैयाँसम्मको काठको सिपका मुल्य हुने गरेको बताए।

सफल उद्योगी बन्ने लक्ष्य लिएका सुनारले आम युवाहरुलाई कुनैपनि काममा मेहनत र निरन्तरता दिए सफल बन्न सकिने सुझाव दिए। उनको उद्योगमा सुरुमा सबै भारतिय नागरिक थिए। अहिले भने आफ्नो भाइलाई सिकाएर भाईले पनि काम गर्ने गरेको उनले बताए। उनले भने, 'पहिला सबै भारतीय कामदार नै थिए अहिले त भाईले पनि गरेको छ। उसले यो काम २ महिनामा सिकेको हो। मैले पनि काम गर्छु। नजानेका मान्छेले गर्न थाल्यो भने त सारै टाउँको रिङ्गटा लाग्ने गर्छ।

# बालिका बलात्कारका दोषीलाई जन्मकैद फैसला



**भक्तबहादुर शाही**
**दैलेख, १ जेठ।**

भारतको रुपैडिया जिल्ला चितलहवाका २९ वर्षीय रज्जीत कुमारलाई दैलेख जिल्ला अदालतले जन्मकैदको फैसला सुनाएको छ।

पाँच वर्षीया बालिकालाई बलात्कार गरेको कसूरमा मंगलबार दैलेख जिल्ला अदालतका जिल्ला न्यायाधिश बलराम लम्सालको इजालसले सो फैसला सुनाएको अदालतका सूचना अधिकारी हरिप्रसाद उपाध्यायले जानकारी दिए।

बालिकाको स्वास्थ्य परिक्षण प्रमाणका आधारमा कसुर पुष्टि भएकोले कसूरदारलाई जन्मकैदसँगै सात लाख रुपैयाँ जरिवाना, ५० हजार रुपैयाँ पीडित पक्षलाई क्षतिपूर्ति, पीडित राहत कोषमा २८ सय रुपैयाँ जम्मा गर्नुपर्ने सजाय भएको सूचना अधिकारी उपाध्यायले जानकारी दिए।

पिडित बालिकाको स्वास्थ्य परिक्षण पुस ३० गते दैलेख अस्पतालमा भएको थियो भने दोषी ठहरिएका रज्जीतले बालिकालाई २०७९ पुस २९ गते बलात्कार गरेको भन्दै पीडित पक्षले दिएको उजुरी दिएका थिए। उजुरी दिएको भोलीपल्ट आरोपितलाई पक्राउ गरेको थियो। प्रहरीको अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकिल कार्यालयले माघ २४ गते दैलेख जिल्ला अदालतमा जबरजस्ती करणी सम्बन्धी अभियोग दर्ता गराएको र थुनछेक बहसपछि माघ २६ गते जिल्ला न्यायाधीश बलराम लम्सालको आदेश अनुसार कारागार थुनामा पठाइएको थियो।

पीडित पक्षले पीडक पक्षको अनुरोधमा बालिकालाई काख लिएको तर बलात्कार घटना नभएको भनि प्रहरीमा दिएको उजुरीको विपरित अदालतमा होस्टाइल भए पनि यौनांगमा भित्री भागमा घसारिएको देखिएको विस्तृत स्वास्थ्य परीक्षणको आधारमा सो सजाय भएको अदालतको भनाइ छ।

पीडितको तर्फबाट जिल्ला सरकारी वकील कार्यालय दैलेखका जिल्ला न्यायाधिवक्ता कर्णबहादुर महत र कसूरदारको प्रतिरक्षामा अधिवक्ताद्वय ललितबहादुर थापा तथा सर्वराज जोशीले बहस पैरवी गरेका थिए।


## विपद दुर्घटना बीमा सम्बन्धी सूचना ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश र राष्ट्रिय बीमा कम्पनी बीच भएको सम्झौता बमोजिम कर्णाली प्रदेशमा स्थायी बसोबास भएका र अन्य प्रदेशमा स्थायी बसोबास भई यस प्रदेशमा सरकारी, गैरसरकारी तथा अन्य क्षेत्रमा कार्यरत नेपाली नागरिकको अग्नी, भुकम्प, बाढी, जलमग्न, पहिरो, जमिन धसिने वा भाँसिने, हावाहुरी, महामारी, आगलागी, हिमताल विस्फोटन, ज्वालामुखी विस्फोटन, आँधिबेरी, चट्याङ्ग, शितलहर, हिउँ, असिना जस्ता प्राकृतिक विपद्का कारण मृत्यू भएमा मृतकको हकवालाले घटना भएको मितिले ३५ दिन भित्र राष्ट्रिय बीमा कम्पनीमा देहाय बमोजिमका कागजात पेश गरी विपद् सामुहिक दुर्घटना बीमाको बीमाङ्क वापतको रकम रु दुईलाख लिनु हुन सर्वसाधरणको जानकारीका लागि अनुरोध छ।

**आवश्यक कागजातहरु:**

- विपद् जोखिम बीमा सम्बन्धी कार्यविधिको अनूसूची–१ बमोजिमको दाबी फाराम
- मृतकको पोस्टमार्टम रिपोर्ट
- नाताप्रमाणित प्रमाण पत्र
- हकवालाको नागरिकताको प्रमाणित प्रतिलिपि
- मृत्यूदर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
- सम्बन्धित स्थानीय तह र नजिकको प्रहरी कार्यालयको सिफारिश
- सम्पूर्ण जानकारी सहित कम्पनीले उपलब्ध गराएको दाबी फाराम।

नेपाल सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत


# स्वस्थ जीवनका लागि योगाभ्यास आवश्यकः प्रमुख सचिव

**राष्ट्रिय समाचार समिति**
**सुर्खेत, १ जेठ।**

कर्णाली प्रदेश सरकारका प्रमुख सचिव चुडामणि पौडेलले स्वस्थ जीवनका लागि योगाभ्यास आवश्यक रहेको बताएका छन्।

प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र सुर्खेतद्वारा आयोजित तीन दिने 'योगध्यान, सकारात्मक व्यवहारसम्बन्धी स्वास्थ्य प्रवर्द्धन कार्यक्रम' को मंगलबार समापन कार्यक्रममा प्रमुख सचिव पौडेलले अनुशासनहिन आहारविहारका कारण आज मानव जीवनशैली कष्टकर बन्दै गएको बताए।

उनले भने, 'आयुर्वेद ढिलो भए पनि यो प्रभावकारी चिकित्सा पद्दति हो। सबैले अवलम्बन गर्नैपर्छ।'

तीन दिनसम्म भएको स्वास्थ्य प्रवर्द्धन कार्यक्रममार्फत योग साधना, ध्यान र व्यवहारिक कुरा सिकाइएको उल्लेख गर्दै प्रमुख सचिव पौडेलले पूर्वीय दर्शनमा आधारित आयुर्वेदिक चिकित्सा पद्धति अहिले पश्चिमाहरुले अवलम्बन गर्न थालिसकेको जनाए।

आयुर्वेदिक पद्धतिको प्रचार व्यक्तिको मानसपटलमा पुऱ्याउनुपर्ने भन्दै उनले आगामी आर्थिक वर्षको प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रले ल्याउने कार्यक्रमलाई प्राथमिकतामा राखेर सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

अनुसन्धान केन्द्रका निमित्त निर्देशक डा शङ्करप्रसाद रिजालले विश्व महामारीका रुपमा देखिन थालेको मानसिक रोगको उपचार प्रमुख माध्यम प्राकृतिक चिकित्साविधि भएको बताए।

## राष्ट्रपति...

सक्षम, सबल र सशक्त बनाउन 'प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रम' गर्ने भएको छ। त्यस्तै कर्णाली प्रदेश अस्पतालमा स्वास्थ्य तथा उपचारसँग सम्बन्धित अभिलेख एवम् सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाइने भएको छ। एकै किसिमको परीक्षण पटक–पटक गर्नु नपर्ने र मेडिकल रेकर्ड अद्यावधिक गर्ने गरी स्वास्थ्य संस्थाहरुको विद्युतीय अभिलेख राख्ने व्यवस्था मिलाई त्यस्तो अभिलेखमा एक अर्काको पहुँच हुने व्यवस्था गर्ने प्रणालीको विकास गर्ने सरकारको योजना रहेको छ।

# पाटनमै ज्यान गुमाउँदै यार्सा संकलनकर्ता

**गोल्डेन बुढा**
**जुम्ला, १ जेठ।**

बहुमुल्य जडिबुटी यार्सा संकलनका लागि जादा गतवर्ष वैशाख २२ गते जुम्लाको पातारासी गाउँपालिका–२ तल्फि गाउँका तीन जनाको मृत्यु भयो। भने सोही गाउँपालिका –३ का गतवर्ष वैशाख २५ गते एक जना बेपत्ता भए।

पातारासी गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत लोक बहादुर रावलका अनुसार मृत्यु हुनेमा वीर बहादुर बोहोरा,तारासिंह सार्की र पुर्ण सार्की हुन्। बेपत्ता हुने बलबहादुर बोहोरा छन्। अहिलेसम्म उनको अतोपतो छैन। त्यस्तै ०७६ साल जुम्लाको गुठिचौर गाउँपालिका–५ कुम्डी गाउँका २५ वर्षका गौरी भण्डारीको मृत्यु भयो। भने यो वर्ष अथार्त यहीँ वैशाख २७ गते जुम्लाको पातारासी गाउँपालिका–३ चौर गाउँका २६ बर्षिय सुर्ज रावतको लेक लागेर मृत्यु भयो।

यार्सा टिपेर पैसा कमाउने लोभले केही दिनअघि मुगुम कार्मारोङ गाउँपालिकाको पाटनतर्फ जाँदै गरेका उनको लेक लागेर बाटोमै ज्यान गएको हो। उक्त गाउँपालिका–१ स्याला गडिगाँउकी विष्णुमाया ऐडिको डोल्पा पाटनमा निधन भयो।

यार्सा संकलन गर्न गएका बेला डोल्पाको प्यारी गुफा लेकको माथीबाट अचानक आएको ढुङ्गा खसेर टाउकोमा चोट लाग्दा उनको ज्यान गएको हो।

लेकको माथिबाट ढुङ्गा खसेर टाउकोमा चोट लागेर वडाध्यक्ष लालसिंह ऐडि बताउँछन्। गाउँपालिकाले दुई तीन महिना यार्सा टिप्न जानेहरुकाले जीवन बिमा गर्नुपर्ने स्थानीय तारावहादुर बोहोराले बताए। उनीहरु जस्तै जाजारकोट जिल्लाको बारेकोट गाउँपालिका–१ का १९ वर्षीय देवेन्द्र गुरुङ पनि यार्सा टिप्न पाटन जाँदै थिए।

## कर्णाली...

तथा कार्यक्रममा राष्ट्रिय सडक सञ्जालमा नजोडिएको एक मात्र जिल्ला हुम्लालाई कर्णाली कोरिडोरमार्फत जोड्ने लक्ष्य लिएको थियो। सरकारको उक्त लक्ष्य अनुसार नेपाली सेनाले हुम्लालाई गत चैतमै राष्ट्रिय सडक सञ्जालमा जोडिसकेको छ। कर्णाली कोरिडोर सञ्चालनमा आएको खण्डमा कर्णाली त्रिदेशिय सडक सञ्जालमा जोडिनेछ।

त्यस्तै, कर्णालीको अर्को रणनीतिक महत्वको भेरी कोरिडोर निर्माण र स्तरोन्नति कार्यलाई समेत निरन्तरता दिने सरकारी तयारी रहेको छ। राष्ट्रिय गौरवको भेरी बबई बहुउद्देश्यीय परियोजना निर्माणमा तिव्रता तथा दैलेखमा पेट्रोलियम पदार्थ अन्वेषणको कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी सरकारले नीति तथा कार्यक्रम निर्माण गरेको छ।

त्यस्तै, संघीय सरकारले आगामी आर्थिक वर्षमा दसौं राष्ट्रिय खेलकुद प्रतियोगिताको सञ्चालन गर्ने भएको छ। आगामी मंसिरमा कर्णालीमा आयोजना गर्न लागिएको राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि आवश्यक तयारी गर्ने सरकारले जनाएको छ।

संसदमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नेपाल सरकारको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमले राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्वको प्रभावकारी कार्यान्वयन गर्दै जनताको सुशासन, सामाजिक न्याय र समृद्धिको आकाङ्क्षालाई आत्मसात् गरेको बताए। उच्च दिगो र समावेशी, आर्थिक वृद्धिमा योगदान गर्ने क्षेत्रमा लगानी वृद्धि गरी सबल र आत्मनिर्भर अर्थतन्त्र निर्माण नीति तथा कार्यक्रमले योगदान पुऱ्याउने राष्ट्रपति पौडेलको भनाई छ।

'नीति तथा कार्यक्रमको कार्यान्वयनबाट नागरिकलाई सुरक्षा, सामाजिक संरक्षण, शिक्षा, स्वास्थ्य जस्ता सेवा सहज रुपमा उपलब्ध भई सामाजिक न्याय कायम गर्न मद्दत गर्नेछ,' उनले भने, 'यसबाट नागरिकको जीवनस्तरमा गुणात्मक सुधार आई जनताको विकास र सुशासन प्रतिको उच्च अपेक्षालाई सम्बोधन गर्दै देशलाई मध्यम आयस्तरको विकासोन्मुख मुलुकमा रुपान्तरण गर्न सहयोग पुग्नेछ।'


कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

## स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी तथा नवीकरण सम्बन्धी जरुरी सूचना

प्रस्तुत विषयमा कर्णाली प्रदेश सरकारले स्वास्थ्य सेवा नियमावली २०८० स्वीकृत गरी कार्यान्वयन गरिसकेको सन्दर्भमा प्रदेशभित्र स्थापना हुने तथासञ्चालनमा रहेका स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवाहरुको सञ्चालनको क्रमसः यजाजत लिइ तथा नविकरण गरी सेवा सञ्चालन गर्नुपर्ने हुँदा कर्णाली प्रदेश स्वास्थ्य सेवा नियामवली २०८० को अनुसुची ६ बमोजिमको इजाजत प्राप्त गर्न दिने निवेदनको ढाँचा र इजाजत लिसकेका र नवीकरण गर्नुपर्ने स्वास्थ्य संस्थाहरुको हकमा अनुसुची–७ बमोजिमको नवीकरणका लागि दिइने निवेदनको ढाँचाम तपसिलमा उलेखित िकायहरुमा आपनो स्वास्थ्य संस्था तथा सेवाको इजाजत वा नविकरणका लागि निवेदन दिन यो सुचना जारी गरिएको छ । यदि समयमा नै इजाजत वा नविकरण नगरेमा प्रचलित कानुन बमोजिम जरिवाना गरिने ब्यवहोरा समेत सबैको लागि जानकारी गराइन्छ ।

साथै इजाजत प्राप्त स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थाभन्दा बाहिरकबाट घुम्ति शिविर वा घुम्ति अस्पताल मार्फत विशेषज्ञ स्वास्थ्य सेवा सञ्चालन गर्न चाहेमा सम्बन्धित जिल्लास्थित स्वास्थ्य कार्यालयमा निवेदन दिएपछि मात्र सञ्चालन गर्न गराउन हुन अनोरोध गरिन्छ ।

| संस्था | इजाजतको लागि | नविकरणकोलागि निवेदन निकाय |
|---|---|---|
| पच्चीस शैया देखि दुईसय शैयासम्मका जनरल तथा विशेषज्ञ अस्पताल | निवेदन दिने निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| पच्चीस देखी पचास शैया सम्मका आयुर्वेद अस्पताल | सामाजिक विकास मन्त्रालय (साविम) | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| डेन्टल क्लिनिक/विशेषज्ञ/क्लिनिक/पोलिक्लिनिक | | सम्बन्धीत जिल्लाको जन/स्वास्थ्य सेवा कार्यालय |
| आयुर्वेद, होमियोप्याथि, प्राकृतिक चिकित्सा, आम्ची पोलिक्लनिक | | सम्बन्धीत जिल्लाको जन/स्वास्थ्य सेवा कार्यालय |
| आँखा उपचार केन्द्र | | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत, |
| "सी" वर्गको प्रयोगशाला | | प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| "ख" श्रेणीको रेडियो इमेजिङ्ग सेन्टर | | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत |
| पुनस्थापना केन्द्र पच्चीस शैयासम्म | | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत |

**पुनश्चः** यस बाहेकका स्वास्थ्य संस्थाहरुको हकमा स्थानीय तह र संघीय सरकारको अधिकार क्षेत्र पर्ने हुँदा सोही बमोजिम गर्नुहुन अनुरोध छ ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# बीमा प्राधिकरणको वार्षिकोत्सवमा विभिन्न कार्यक्रम

**युग संवाददाता**
**सुर्खेत, १ जेठ ।**

नेपाल बीमा प्राधिकरणको ५६ औं वार्षिकोत्सवको अवसरमा बीमा सम्बन्धी विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गरी मनाएको छ। वार्षिकोत्सवको अवसरमा प्राधिकरणले सुर्खेत जिल्लामा भित्रिने र बाहिरिने सार्वजनिक सवारी साधनहरुमा बीमा सम्बन्धी जनचेतनामूलक स्टीकर टाँस्ने कार्यक्रम गरिएको हो ।

त्यस्तै पुरुष तथा महिलाको फुटसल प्रतियोगिता, पुरुषको स्लो बाइक र महिलाको स्लो स्कुटर राइड प्रतियोगिता, वृहत रक्तदान, प्रभातफेरी, पुरस्कार वितरण तथा औपचारिक कार्यक्रम आयोजना गरी मनाएको नेपाल बीमा प्राधिकरणका कर्णाली प्रदेश कार्यालय प्रमुख पदमप्रसाद सोडारीले जानकारी दिए।

जेठ १ गते नेपाल बीमा प्राधिकरणले आफ्नो स्थापनाको ५५ औं वर्ष पूरा गरी ५६ औं वर्ष प्रवेश गरेको छ। नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयबाट सुरु गरिएको प्रभात फेरी मंगलगढी चोक, वीरेन्द्र चोक र घण्टाघर हुँदै पुनः प्राधिकरणको कार्यालय परिसरमा पुगेर टुङ्गिएको थियो। प्रभात फेरीमा सहभागीहरुले हात हातमा प्ले कार्डहरु लिएका थिए।

प्ले कार्डमा बीमा सम्बन्धी जनचेतनामूलक सन्देशहरु उल्लेख गरिएका थिए। उक्त कार्यक्रममा प्राधिकरणका कर्णाली प्रदेश कार्यालय प्रमुखदेखि अन्य कर्मचारीहरुको समेत सहभागिता रहेको थियो। कर्णाली प्रदेशमा सञ्चालित सबै जीवन, निर्जीवन, लघु जीवन बीमा तथा निर्जीवन लघुबीमाका कर्मचारी, सर्भेयर, अभिकर्ता लगायत सरोकारवालाहरुको सहभागिता रहेको थियो।

बीमा व्यवसायको नियमनकारी निकाय बीमा प्राधिकरणले वैशाख २७ गते दिउँसो ३ बजे सुर्खेतको सुब्बाकुना र वैशाख २८ गते बिहान ६ बजे बाङ्गेसिमल बाट बाहिरिने र भित्रिने सवारी साधनहरुमा बीमा सम्बन्धी सचेतनामूलक स्टीकर टाँस्ने कार्यक्रम सम्पन्न गरेको थियो।

त्यस्तै, वैशाख २९ गते प्राधिकरण, जीवन, निर्जीवन र लघु बीमा कम्पनीका कर्मचारीहरु (पुरुष र महिला) बीच मैत्रीपूर्ण फुटसल प्रतियोगिता आयोजना गरेको थियो। सुर्खेतको वीरेन्द्रनगर-४, भैरवस्थान स्थित योद्धा फुटसल ग्राउण्डमा भएको प्रतियोगितामा पुरुषतर्फ ७-४ को गोल अन्तरमा नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको टीम विजेतार सानिमा जनरल इन्स्योरेन्स लिमिटेडको टीम उपविजेता भएका थिए।

महिलातर्फ निर्जीवन बीमा कम्पनीको संयुक्त टिमले २-१ गोलको फरकमा जीवन बीमा कम्पनीको टिमलाई हराउँदै प्रथम स्थानमा आफ्नो कब्जा जमाएको थियो भने जीवन बीमा कम्पनीको संयुक्त टिमले द्वितिय स्थान हात पारेको थियो।

प्राधिकरणले वैशाख ३० गते बार्षिकोत्सवकै अवसरमा स्लो बाइक (पुरुष) र स्लो स्कुटर (महिला) राइड प्रतियोगिता समेत आयोजना गऱ्यो।

वीरेन्द्रनगर नगरपालिका-७ धमलाचोकदेखि उत्तरतर्फ (गणेशचोक) ७५ मिटरसम्म भएको स्लो बाइक राइडमा टेकबहादुर थापाले प्रथम स्थान, मिलन कँडेलले द्वितिय स्थान, चक्र बहादुर विष्टले तृतिय स्थान र केशव ढकालले चौथो स्थान हाँसिल गर्न सफल भइका थिए। महिलातर्फ शिलु मल्ल प्रथम, तुलसा ओली द्वितिय, नविना सिर्नेट मगर तृतिय भएका थिए, भने तुलसी कुमारी वन सन्यासीले चौथो स्थान ओगट्दै सान्त्वना पुरस्कार प्राप्त गरे।

वैशाख ३१ गते प्राधिकरणले वृहत रक्तदान कार्यक्रम पनि आयोजना गर्यो । रक्तदानमा ४० जना भन्दा बढी सहभागी भएका थिए। नेपाल रेडक्रस सोसाइटीको समन्वयमा भएको रक्तदान कार्यक्रममा ४१ पिन्ट रगत संकलन भएको थियो।

**'बीमाको पहुँच दुरदराजमा पुग्नुपर्ने' मन्त्री के.सी.**

कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री महेन्द्र के.सीले नेपाल बीमा प्राधिकरणको ५६ औं वार्षिकोत्सव कार्यक्रममा आफ्नो शुभकामना मन्तव्य राख्दै बीमा जोखिम न्यूनिकरण गर्ने महत्वपूर्ण वित्तीय अंग भएको बताए।

बीमाको पहुँच दुरदराजका क्षेत्रहरूमा पुग्नुपर्ने आवश्यकता रहेको मन्त्री के.सीले औंल्याए। उनले बीमामा आम नागरिकहरूलाई समेट्नको लागि बीमा सम्बन्धी छलफल कार्यक्रम गरेर नीतिगत तथा प्रक्रियागत सुधार गरी बीमा क्षेत्रलाई थप प्रभावकारी बनाउनको लागि पहल गर्ने प्रतिवद्धता व्यक्त गरे। यसका साथै, प्रदेश सरकारबाट अगाडि बढाइएका बीमा कार्यक्रमहरूलाई आफुले पनि गम्भिरतापूर्वक लिएको र त्यस्ता कार्यक्रमलाई निरन्तरता दिने जानकारी गराए।

**बीमा भविष्यका लागि समर्पित क्षेत्र हो : उपकुलपति गौतम**

मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. ध्रुव कुमार गौतमले बीमा भविष्यको जोखिम बहन र भविष्यका समस्या समाधानका लागि समर्पित क्षेत्र भएको हुँदा मध्यपश्चिम विश्वविद्यालयले बीमा र व्यवस्थापन सन्दर्भलाई सँगै जोडेर बीमा व्यवस्थापनका क्षेत्रमा सुरुदेखि नै पाठ्यक्रम निर्माण गर्नुका साथै अध्ययन अध्यापन समेत गर्दै आइरहेको बताए।

# गमगढीमा न्यूरोडको सडक बिस्तार भएपछि आवत जावतमा सहज

**युग संवाददाता**
**मुगु, १ जेठ ।**

मुगु जिल्ला छायानाथ रारा नगरपालिका वडा नं. २ गमगढी स्थित न्यूरोडको सडक बर्षौदेखि हिलोमा मानिस तथा सवारीका साधनहरू सास्ती खेप्नु पर्ने समस्या समाधान भएको छ।

सडक डिभिजन कार्यालय जुम्लाको आर्थिक तथा प्राविधिक सहयोगमा हिलाम्य सडकको छेउमा क्यानल र हिलाम्य सडक आरसीसी को प्रक्रिया अघि बढे पछि बर्षौ देखि हिलोमा हिँड्नु पर्ने समस्या समाधान भएको हो।

छायाँनाथरारा नगरपालिका वडा नं. २ न्युरोडको सडक बर्सैनि गाडी, घोडा, खच्चड र मानिसहरू हिड्डुल गर्दा हिलाम्य सडकबाट सास्ती खेप्नु परेको थियो। सडक बिस्तारको जिम्मा लिएको श्रेया कन्स्ट्रक्सन प्रालिले सडक बिस्तारको काम ढिलाई गरेपछि स्थानीय जनताहरूले हिलाम्य सडकको समस्या छिटो समाधान गर्न छायानाथरारा नगरपालिकालाई दबाब दिँदै आएका थिए।

यता नगरपालिकाले सडक नगरपालिकाको अधिकार क्षेत्र भित्र नपर्ने भन्दै पन्सिदै आएको थियो। स्थानीय जनताको चर्को आवाज र छायाँनाथरारा नगरपालिकाका नगर प्रमुख बिष्णु कुमार भामको चर्को दबाब पछि सम्बन्धित निर्माण कम्पनीले रातदिन नभनि सडक बिस्तारको काम अगाडि बढाए पछि बर्षौ देखिको न्युरोडको सडक हिलो हुने समस्या हल भएको छ।हिउँद र बर्षाको समयमा पानी पर्दा र स्थानीय हरूको घरबाट निस्कने पानीको कुनै निकास नभई कच्ची सडकमा पानी जमेर सधैँ हिलाम्य हुँदा सवारीका साधन लगायत मानिसहरूलाई आवत जावतमा समस्या भएको थियो सडक हिलाम्य हुने गरेपछि बजार वासीलाई दैनिक आवत जावतमा समस्या हुँदै आएको थियो।

नेपालकै पर्यटकीय गन्तव्य स्थान रारा र ताल्चा विमानस्थल जाने मुख्य प्रवेश द्वारको रुपमा रहेको न्यूरोड बजारमा बर्सैनि पानी पर्दा हिलो जमेर सवारीका साधन लगायत स्थानीय साना स्कुले विद्यार्थीहरूलाई आवत जावतमा कठिनाइ हुँदै आएकोमा अब देखि गाडी लगायत मानिस, लाई आउजाउमा सहज भएको छ।

## बीमा कार्ड हराएको सूचना

मिति २०८१ वैशाख २५ गते एरिचोकदेखि राजाचोकतर्फ आउनेक्रममा मेरो निम्न व्यहोरा भएको बीमाकार्ड हराएको हुँदा भेटाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालय, स्थानीय पालिका, वडा कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क राख्नुहोला।

**तपशिल :-**

**नाम** : छत्र बहादुर शाही
**ठेगाना** : वी.न.पा-३, सुर्खेत
**कम्पनी नाम** : एशियन लाईफ इन्स्योरेन्स
**सम्पर्क नं.** : ९७४२२५२५०५

**घर निर्माण कार्यको लागि सम्झनुहोस्**

हामी कहाँ J.C.B. टिपर, ट्रयाक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

## जगगा विक्रीमा रहेको सूचना






परिस्थितिले मान्छेलाई दास बनाउँछ । राम्रो भनेको राम्रै हो । सेन्टरमा ठाउँ पाउँन गार्हो छ र दुर्लभ वस्तुको महत्व वेग्लै हुन्छ । राम्रोलाई सबैले हेर्न मिल्छ तर पाउने र नजर अन्दाज गर्ने भनेको दमदार र अठोटवालाले हो । राम्रोको मुल्य महंगो हुनु स्वभाविक हो । राम्रो मालले मानविय जीवन सुन्दर र आरामदायी बनाउछ ।

सुर्खेतको मुटु, सुर्खेत जुम्ला रोड रत्न राजमार्गसंग जोडीएर रहेको कि.नं १८७३ को ८ मि. मोहोडा ५२ मि . पिछाड मध्य ६ मी. चौडाई × २५ मी. लम्वाई भएको ठाउँ र आकार मिलेको चार पाँच वर्ष अगाडी १ मि. को मुल्य रू पचास लाख पर्ने, ६ मि. को मुल्य रू. ३ करोडमा किनबेच भई चलिरहेको जग्गा उचित मुल्यमा तुरुन्त बिक्रीमा छ । ईच्छुक महानुभावहरुले मौकाको फाईदा उठाउनु होला ।

**सम्पर्क नंबर**:- ९८६८०९३४००/९८०४५५५८९९/९८४८१४२२३२
**स्थान**:- एरीचौक, सुर्खेत हस्पिटल भन्दा करीव ७० मि. अगाडि वाँया साईड ।

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यवस्था भएको साथै विदेशीसँग कुराकानीको व्यवस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

## योजना...

दौडिएर हुँदैन, यसमा हाम्रो समर्ग संयत्र दौडिनु पर्दछ, यसमा राज्यको चौथों अङ्ग पनि सकारात्मक भाव जगाउनेतर्फ लाग्नु पर्ने अवस्था छ।'

सुर्खेत विमानस्थल विस्तारका सन्दर्भमा पत्रकारहरुले राखेको जिज्ञासामा मुख्यमन्त्री कँडेलले संघीय सरकारले विस्तारको जिम्मा लिए प्रदेशको भाग बहन गर्न तयार रहेको बताए। आगामी संघीय सरकारको नीति, कार्यक्रम तथा बजेटमा अर्थमन्त्री वर्षमान पुन समक्ष कर्णालीका ठुला आयोजना कर्णाली करिडोर, भेरी करिडोर, कालिकोट-मुगु सडकलाई राष्ट्रिय गौरवको आयोजनाका रुपमा अगाडि नबढाएसम्म कर्णालीलाई दिने बजेटको कुनै अर्थ नहुने व्यहोराको पत्र बुझाई सकेको उनले बताए।

## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिका कार्यालय
### सुर्खेतको संधियारका नाउमा जारी ७ दिने सूचना

(प्रकाशित मिति २०८१/२/२ गते

सुर्खेत वी.न.नपा वडा नं. ३ स्थायी घर भएको श्री मनिषाकुमारी शाहीले यस वी.न.न.पा. वडा नं.३ कि.नं. १०८९४ मा घर निमार्णका लागि नक्सा पास गरिदिन यस न.पा. कार्यालयमा निवेदन दिए बमोजिम/सर्जमिन मुचुल्काका लागि लगत बुझ्न जाँदा संधियार उपस्थित नभएको र हुन नसक्ने स्थिति भएको भन्ने बुझिएकोले तल उल्लेख भए अनुसारको कि.नं. का जग्गाधनीहरुको सांध सिमानामा निजको घर बनाउँदा कोही कसैलाई मर्कापर्ने भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालय/संयुक्त वडा कार्यालयमा उजुर बाजुर गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र पर्न नआएका उजुरीप्रति कुनै कारवाही गरिने छैन।

**तपसिल** :

**पूर्व कित्ता नं.**: ६८५५, **जग्गाधनी** : चन्द्रप्रसाद पोखेल
**पश्चिम जग्गाधनी** : बाटो
**उत्तर कित्ता नं.**: १०८९६, **जग्गाधनी** : तुल्सीकुमारी रामजाली
**दक्षिण कित्ता नं.**: १०८५१, **जग्गाधनी** : तेजबहादुर थापा

**घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा**

१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ।

**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१

**हटलाइन मर्मत सेवा**
**फोन गर्नुहोस ।**
**समस्या सुनाउनुहोस**
**समाधान पाउनुहुनेछ ।**

धेरै समस्याको समाधान अव एकै ठाउँबाट
१) पानी, बत्ती टुटफुट मर्मत सेवा।
२) फर्निचर (काप्रेन्टर) मर्मत सेवा।
३) आल्मोनियम, फ्रिफेब मर्मत सेवा।
४) टायल, मार्बल टुटफुट मर्मत सेवा।
५) वल्डिङ, बेल्डिङ मर्मत सेवा।
६) पाथरुम, शौचालय मर्मत सेवा।
७) कोठा सार्ने गाडी सुविधा।
८) नयाँ, पुराना फर्निचर, ग्याँस चुलो, भाँडावर्तन खरिद-विक्रि तथा मर्मत
९) सेकेण्डहेण्ड स्कुटी, मोटरसाइकल खरिद-विक्रि
२४ शै घण्टा सेवा गर्ने अवसर दिनुहोस ।

**सामेल निर्माण सेवा**
वीरेन्द्रनगर-१२, सुर्खेत
हटलाइन मोवाइल नं. : ९८५८०२२७१८

**सुलभ दर र गुणस्तरिय छपाइ तोकिएकै समयमा ढुक्क ।**

भवानी छापाखाना
DIGITAL COLOUR PRINTER

• Screen Print • Offset Print • Digital Print

24 Years in Printing Experience
Quality & Quantity Printing House

संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20"x30" & 19"x25")
Multicolour Printing Machine
25000 Printing Per Hour



B.C. Group Karnali

**क्यालेण्डर**
स्पाइरल, साधारण, टेबल

के तपाई
गुणस्तरीय छपाइको
खोजीमा हुनुहुन्छ ?



Service Related
Government Office | Bank
Private Office | NGO | INGO
Co-operative | School | College

**भवानी छापाखाना**
Birendranagar-6, Surkhet
☎ 9858067999, 9858060615
Industry: Birendranagar Industrial Area
E-: pressbhawani@gmail.com

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **प्रधान कार्यालय**: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।